annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २३ पृष्ठ १० | काठमाडौं, शुक्रबार ९ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष एकादशी नेपाल संवत् ११४५ | FRIDAY, MAY 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

## दक्षिण अफ्रिकी राष्ट्रपतिमाथि 'नरसंहार' को आरोप



**वासिङटन डिसी** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अफ्रिकी समकक्षी सिरिल रामाफोसालाई बुधबार ह्वाइट हाउसमा भेटे। सुरुमा न्यानो र हल्काफुल्का रूपमा सुरु भएको बैठक त्यतिबेला तनावपूर्ण भयो जब ट्रम्पले आफ्ना कर्मचारीहरूलाई विपक्षी दक्षिण अफ्रिकी राजनीतिज्ञहरूले गोरा किसानहरूविरुद्ध गरेको हिंसाको भिडियो देखाउन भने।

भिडियोमा ट्रम्पले श्वेत मानिसविरुद्ध नरसंहार भइरहेको र यसले किसानहरूलाई संयुक्त राज्य अमेरिकामा भाग्न बाध्य बनाइरहेको दाबी गरे। दक्षिण अफ्रिकी श्वेत किसानहरूलाई उनीहरूको जग्गा छोड्न बाध्य पारिएका र मारिएका विषय भिडियोमा समेटिएका छन्। दक्षिण अफ्रिकाका अश्वेत राजनीतिज्ञहरूले श्वेत मानिसको उत्पीडनका लागि हिंसा आह्वान गरेको भन्दै पत्रकारहरूको उपस्थितिमा ट्रम्पले कर्मचारीहरूलाई चार मिनेटको उक्त भिडियो ठूलो स्क्रिनमा प्रदर्शन गर्न लगाएका थिए।

'तपाईंले उनीहरूलाई जमिन लिन अनुमति दिनुहुन्छ। जब उनीहरूले जमिन लिन्छन् त्यसपछि उनीहरूले श्वेत किसानलाई मार्छन्', ट्रम्पले भने। कार्यक्रममा ट्रम्पले केही समाचार क्लिपहरू पनि देखाए। यसलाई देखाएर आफूले आफ्नो दाबीलाई समर्थन गरेको उनले जनाए।

ट्रम्प प्रशासनले यस महिनाको सुरुमा ५० भन्दा बढी श्वेत अफ्रिकीलाई शरणार्थी दर्जा प्रदान गरेको छ भने विश्वका अन्य भागहरूबाट शरणार्थी लिन बन्द गरेको छ।

दक्षिण अफ्रिकी राष्ट्रपतिले भने ट्रम्पको दाबीलाई अस्वीकार गरे। रंगभेद शासनको ऐतिहासिक असमानता निवारण गर्ने उद्देश्यले जनवरीमा हस्ताक्षर गरिएको जग्गा कब्जा कानुनअन्तर्गत आफ्नो देशले श्वेत किसानहरूबाट जग्गा जफत गरेको विषयमा राष्ट्रपति रामाफोसाले अस्वीकार गरे। 'होइन, होइन, होइन', रामाफोसाले जवाफ दिए, 'कसैले पनि जमिन लिन सक्दैन।'

उनले भिडियोमा देखाइएका राजनीतिज्ञहरू विपक्षी दलका रहेका बताए। दक्षिण अफ्रिकी नेताको भ्रमणलाई ट्रम्प र दक्षिण अफ्रिकामा जन्मेका उनका अर्बपति सहयोगी एलन मस्कले निराधार नरसंहारको दाबी गरेका थिए। ओभल अफिसमै रहेका मस्क 'श्वेत नरसंहार' दाबीहरूका मुख्य समर्थक थिए। गल्फप्रिय अमेरिकी राष्ट्रपतिलाई मनाउने प्रयासमा रामाफोसाले भने दक्षिण अफ्रिकाका दुई शीर्ष गल्फर अर्नी एल्स र रेटिफ गुसेनसहित ह्वाइट हाउस पुगेका थिए। 'हामी मूलत: संयुक्त राज्य अमेरिका र दक्षिण अफ्रिकाबीचको सम्बन्धलाई पुन:स्थापित गर्न यहाँ आएका हौं', रामाफोसाले भने। तर भिडियो चलिरहँदा रामाफोसाले बारम्बार बोल्न खोजिरहँदा ट्रम्पले उनलाई बोल्न दिएनन्।

## इजरायली दूतावासका २ कर्मचारीको अमेरिकामा गोली हानी हत्या

**वासिङटन डिसी** (एजेन्सी) : अमेरिकाको राजधानी वासिङटन डिसीस्थित यहुदी संग्रहालय बाहिर एक व्यक्तिले इजरायली दूतावासका दुई कर्मचारीको गोली हानी हत्या गरेका छन्। प्रहरीका अनुसार आक्रमणकारीले 'स्वतन्त्र, स्वतन्त्र प्यालेस्टाइन' भन्दै चिच्याइरहेका थिए।

क्यापिटल यहुदी संग्रहालयमा भएको एक कार्यक्रमबाट बाहिर निस्कने बित्तिकै युवा जोडीलाई गोली हानी हत्या गरिएको वासिङटन डिसी प्रहरीले जनाएको छ। प्रहरीका अनुसार घटनाको प्रकृति हेर्दा यो सुनियोजित आक्रमण जस्तो देखिन्छ। गोलाबारी राति ९:०५ बजे भएको बताइएको छ। धेरै पर्यटकीय स्थलहरू, संग्रहालयहरू र सरकारी भवनहरू रहेको उक्त क्षेत्रमा गोलाबारी भएर ती जोडीको हत्या भएको हो। मारिनेमध्ये सारा लिन मिलग्रिम र यारोन लिस्चीन्सकी रहेका छन्।



कभर स्टोरी

# विश्व राजनीतिमा ट्रम्प तागत

'अमेरिकाको स्वर्ण युग सुरु' ४७ औं राष्ट्रपतिका रूपमा पद तथा गोपनियताको शपथ लगत्तै अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्पले घोषणा गरे। आप्रवासी नीतिप्रति कठोर कदम चाले, मेक्सिकोको सिमानामा राष्ट्रिय आपतकाल घोषणा गरे, जलवायुसम्बन्धी पेरिस सम्झौता नमान्ने बताए, अमेरिका भित्रिने सामानमा कडा कर लागू गर्ने' नीति लिए। यसले विश्व राजनीति तरंगित भयो। ट्रम्पका यी कार्यले विश्वमा के पो हुने होला भन्ने चिन्ता र चासो बढ्यो। अमेरिका पहिलो नीति लिएका ट्रम्पले विश्व राजनीतिमा जबर्जस्त प्रभाव बढाउँदै लगे। जहाँ-जहाँ द्वीपक्षीय वा बहुपक्षीय स्वार्थका युद्ध छन्, त्यहाँ युद्ध मत्थर गर्दै लगे। कर नीतिमा पनि लचिलो बन्दै गए।

सुरज भण्डारी | *अमेरिका*

- को रिपोर्ट

मेक्सिकोलाई गलाए

रूस-युक्रेन युद्ध रोक्न अग्रसरता

इजरायल-प्यालेस्टाइन युद्ध मत्थर

समाचार पृष्ठ २

चीनसँग कर नीतिमा लचिलो

क्यानडामाथि पनि धावा

भारत-पाकिस्तान तनावमा मध्यस्थता

## बजेटअघि धमाधम भित्रिए ईभी



कुन देशबाट कति भित्रिए विद्युतीय सवारी

| चीन | भारत | मलेसिया | जर्मनी | जापान | ताइवान | इन्डोनेसिया | अमेरिका | कोरिया | सेनेगल | कतार | सिंगापुर | हङकङ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४७५५ | ७९५० | ५० | ४८ | २३ | २२ | १८ | १० | ४ | २ | १ | १ | १ |

**ममता थापा** | *काठमाडौं*

चालु आर्थिक वर्षको १० महिनामा विद्युतीय सवारी साधनको आयात ४५.९० प्रतिशतले वृद्धि भएको छ। साउनदेखि वैशाखसम्म ४२ हजार १ सय २ वटा विद्युतीय सवारी साधन आयात भएको भन्सार विभागको तथ्यांकले देखाउँछ। जबकि गत आवको सोही अवधिमा २८ हजार ८ सय ५६ वटा विद्युतीय सवारी आयात भएका थिए। भन्सार विभागका अनुसार गत वर्षको तुलनामा यो वर्ष १३ हजार २ सय ४६ वटा थप विद्युतीय सवारी भित्रिएका छन्।

यस वर्ष ईभी सवारी साधन आयातमा ३३ अर्ब ३२ करोड २१ लाख ६६ हजार रुपैयाँ बाहिरिएको छ। जुन, गत वर्षको तुलनामा २७.९२ प्रतिशतले बढी हो। गत आवको वैशाखसम्म २६ अर्ब ४ करोड ९५ लाख ९८ हजार रुपैयाँ हाराहारीका ईभी खरिद गरिएका थिए।

ईभी आयातकर्ताहरूले चालु आवमा १७ अर्ब ४७ करोड २० लाख रुपैयाँबराबर भन्सार राजस्व तिरेका छन्। गत वर्ष सोही अवधिमा १० अर्ब ९२ करोड ७० लाख ७६ हजार रुपैयाँ ईभीको भन्सारबाट सरकारलाई राजस्व आम्दानी भएको थियो। यसपटक सरकारलाई विद्युतीय सवारीबाटको राजस्व पनि गत आवको भन्दा ५९.९० प्रतिशत अर्थात् ६ अर्ब ५४ करोड ४९ लाख ९७ हजार रुपैयाँले वृद्धि भएको छ। सरकारले ईभीलाई वातावरणमैत्री भन्दै आयातमा प्रोत्साहन गर्दै आएको छ। प्रोत्साहन गरेकै कारण अन्य सवारीलाई जस्तो ईभीको भन्सारमा सरकारले धेरै कसेको छैन।

तर, अब सरकार आगामी आवको बजेट तयारीमा लागिरहेकाले अब ईभीको भन्सार दर बढाउने हो कि भन्नेमा व्यवसायीहरू सशंकित छन्। यसैले पनि गत आवको भन्दा अहिले ईभीको आयात बढेको होकी भन्ने अनुमान गरिएको छ। सामान्यतया बजेट आउनुअघि धूमपान, मध्यपान र विलासिताका वस्तुहरूमा सरकारले बर्सेनि करका दर बढाउने गरेको छ।

सोही प्रवृत्तिले गर्दा यस्ता वस्तुहरू बजेटआउनु अघि नै आयात बढी हुने गरेको देखिन्छ। व्यवसायीहरू पनि सरकारले कर बढाउने डरले अगाडि नै बढी सामान मगाउने र जेठ १५ मा बजेटसँगै आर्थिक ऐनले कर बढाएपछि ग्राहकलाई भने बढेको करको भाउमा बिक्री गर्ने गरेको नयाँ विषय भने होइन।

१० मुलुकबाट ईभी, चीनबाट मात्रै ८२ प्रतिशत

चालु आवको वैशाखसम्म विभिन्न १० मुलुकबाट ईभी गाडी भित्रिएका छन्।

» बाँकी पृष्ठ ५

## फेवातालको आकाशमाथि पुन: प्याराग्लाइडिङ

**कृष्णमणि बराल** | *पोखरा*

पोखराको आकाशमा हुँदै आएको साहसिक खेल प्याराग्लाइडिङ पहिलेकै ठाउँमा फर्केको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउनु अघिदेखि उडान र अवतरणको स्थान पहिले भइरहेको ठाउँभन्दा करिब ५ किलोमिटर पर मान्द्रेढुंगा र पामेमा सारिएको थियो। अब फेवाताल माथिको आकाशमा कावा खाँदै ताल किनार चंखपुर र खपौदीमा अवतरण गर्न पाइने भएको छ। प्याराग्लाइडिङका कम्पनीहरूको छाता संगठन नेपाल हवाई खेलकुद संस्थाले सुरुदेखि नै अन्तर्राष्ट्रिय अभ्यास र सुरक्षाका दृष्टिले पुरानै ठाउँबाट उडान र अवतरण गर्दा कुनै फरक नपर्ने बताउँदै आएका थिए। बिभिन्न देशमै पुगेर यस विषयमा अध्ययनसमेत गरेर टोलीले बारम्बार नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई सुझाएको थियो।

उडानको स्थान भने तोरीपानी र मान्द्रढुंगाबाटै हुने क्यानका अधिकारीले बताएका छन्। त्यसैकारण, प्राधिकरणले पुरानै ठाउँबाट उडान भर्न र अवतरण गर्न अनुमति दिएको हो। क्यानले पोखरामा प्याराग्लाइडिङ गर्ने उडानको तालिकामा समेत समय थपेको छ। यसअघि दिउँसो ३ बजेसम्म मात्र उडान भर्न पाइनेमा समय थपेर ४:३० सम्म उडान भर्न पाइने गरी अनुमति दिइएको नेपाल हवाई खेलकुद संस्थाका अध्यक्ष अनिल केसीले बताए।

पुरानै ठाउँबाट अवतरण गर्ने अनुमति र समय थप भएसँगै प्याराग्लाइडिङ व्यवसायीहरूको संस्था नेपाल हवाई खेलकुद संस्था र पाइलट क्लबले संयुक्त रूपमा प्यारापाइलटहरूलाई बुधबार नयाँ एयरस्पेस र सुरक्षाका बारेमा अभिमुखीकरण कार्यक्रम पनि गरेका छन्।

» बाँकी पृष्ठ ५



फेवातालको आकाशमाथि प्याराग्लाइडिङमा रमाउँदै पर्यटक। ● कृष्णमणि बराल